मिति: २०८१/०३/०८ ने.सं. ११४४ तछलाथ्व १५ शनिबार बैठक संख्या - १९

आज मिति २०८१/०३/०८ गते शनिबारको दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८०/०८१ को उन्नाइसौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ………………………………………………………………

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ………………………………………………………………

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ………………………………………………………………

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ………………………………………………………………

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ………………………………………………………………

६. वडा अध्यक्ष : श्री धनपति गिरी ………………………………………………………………

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ………………………………………………………………

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ………………………………………………………………

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ………………………………………………………………

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ………………………………………………………………

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ………………………………………………………………

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ………………………………………………………………

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई………………………………………………………………

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ………………………………………………………………

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा………………………………………………………………

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ………………………………………………………………

१७. कम्प्युटर अपरेटर लक्ष्मी चुहान………………………………………………………………

१८.कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी………………………………………………………………

१९. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङदेन………………………………………………………………

**प्रस्तावहरूः**

१. राजस्व परामर्श समितिको प्रतिवेदन स्वीकृति सम्बन्धमा
२. श्रोत अनुमान तथा सिमा निर्धारण समितिको प्रतिवेदन स्वीकृति सम्बन्धमा
३. न्यायिक समितिको बार्षिक प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा
४. नीति तथा कार्यक्रम स्वीकृति सम्बन्धमा
५. वार्षिक बजेट तथा कार्यक्रम स्वीकृति सम्बन्धमा
६. विनियोजन विधेयक २०८१ तथा आर्थिक विधेयक २०८१ स्वीकृति सम्बन्धमा
७. हिलिहाङ गाउँपालिकाको वन व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक २०८१ स्वीकृति सम्बन्धमा
८. हिलिहाङ गाउँपालिकाको दोश्रो आवधिक योजना स्वीकृति सम्बन्धमा
९. संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन स्वीकृति सम्बन्धमा
१०. दिगो विकासको लक्ष्य स्थानीयकरणको प्रतिवेदन स्वीकृति सम्बन्धमा
११. हिलिहाङ गाउँपालिका क्षमता विकास योजना २०८१ स्वीकृति सम्बन्धमा।
१२. अतिविपन्न दलित, माझी र जोगी समुदायका आधारभुत तहमा अध्ययनरत पोसाक प्रोत्साहन मापदण्ड २०८१ पारित सम्बन्धमा।
१३. घ बर्गको इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा।
१४. म्याद थप सम्बन्धमा।
१५. सरुवा सहमति सम्बन्धमा।

**निर्णय नं. -१**

आगामी आ.व. २०८१/०८२ को लागि राजस्व परामर्श समितिको प्रतिवेदन माथि दफावार छलफल गरी (संशोधन सहित) कार्यपालिकाले स्वीकृत गरी गाउँ सभामा पेश गर्ने।

**निर्णय नं. -२**

आगामी आ.व. २०८१/०८२ को लागि स्रोत अनुमान तथा सिमा निर्धारण समितिको प्रतिवेदन माथि दफावार छलफल गरी (संशोधन सहित) कार्यपालिकाले स्वीकृत गरी गाउँ सभामा पेश गर्ने।

**निर्णय नं. -३**

चालू आ.व. २०८०/०८१ को न्यायिक समितिको वार्षिक प्रतिवेदन माथि दफावार छलफल गरी कार्यपालिकाले स्वीकृत गरी गाउँ सभामा पेश गर्ने।

**निर्णय नं. -४**

आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रममाथि दफावार छलफल गरी स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने।

**निर्णय नं. -५**

आगामी आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम माथि छलफल गरी स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने।

**निर्णय नं. -६**

आगामी आ.व. २०८१/०८२ को लागि आर्थिक विधेयक २०८१ र विनियोजन विधेयक २०८१ माथि दफावार छलफल गरी स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने।

**निर्णय नं. -७**

कानून तर्जुमा समितिबाट पारित भएको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ माथि दफावार छलफल गरी स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने।

**निर्णय नं. -८**

यस गाउँपालिकाको दोश्रो आवधिक योजनामाथि दफावार छलफल गरी स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने।

**निर्णय नं. -९**

यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन माथि दफावार छलफल गरी स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने।

**निर्णय नं. -१०**

यस गाउँपालिकाको दिगो विकासको लक्ष्य स्थानीयकरणको प्रतिवेदन माथि दफावार छलफल गरी स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने ।

**निर्णय नं. -११**

अतिविपन्न दलित, माझी र जोगी समुदायका आधारभुत तहमा अध्ययनरत पोसाक प्रोत्साहन मापदण्ड २०८१ स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने ।

**निर्णय नं. -१२**

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान बाट निर्माण गरिएको हिलिहाङ गाउँपालिको क्षमता विकास योजना २०८१ लाई स्वीकृत गर्ने ।

**निर्णय नं. -१३**

हिलिहाङ गाउँपालिकाबाट जारी/दर्ता भएका "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र तोकिएको समय सीमा भित्र नवीकरण हुन नसकेका इजाजत पत्रहरू एक पटकको लागि हालसम्मको सम्पूर्ण कर चुक्ता गरी नविकरण गर्न गाउँ सभामा पेश गर्ने ।

**निर्णय नं. -१४**

चालू आ .व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ठेक्का नं .HRM/NCB/WORKS/080 /081/02 " Construction of Pashupati Mabi Building Hilihang-2" निर्माण कार्यको लागि ठेक्का आव्हान गरी मिति २०८१/०२/२० गते कार्य सम्पन्न गर्ने गरी मिति २०८०/०९/१८ गते श्री बंगलामुखी निर्माण सेवा, पाँचथरसँग ठेक्का सम्झौता भएको र निर्माण कम्पनीले २०८१/०१/३० गते म्याद थपको लागि निवेदन दिई २०८१ असार १५ गतेसम्म म्याद थप गरिएकोमा काम सम्पन्न गर्न नसकी उक्त निर्माण कम्पनीले पुनः म्याद थपको लागि सामाग्री अभाव, सुख्खा खडेरीको समस्या समेतका कारण तोकिएको समयमा काम सम्पन्न गर्न नसकिएको भनी म्याद थपको लागि लिखित निवेदनका आधारमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ र सार्वजनिक खरिद नियमावली २०६४(तेह्रौं संशोधन समेत) नियम १२० बमोजिम आगामी २०८१ भाद्र १५ गतेसम्म म्याद थप गर्ने ।

**निर्णय नं. -१५**

हिलिहाङ गाउँपालिका स्थित प्राथमिक स्वास्थ्य केन्द्र, हिलिहाङ-३, गोपेटारमा स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह सहायकस्तर पाचौं तह हेल्थ असिस्टेण्ट पदमा कार्यरत क.सं.नं. २२१५८९ श्री नविन कुमार तामङलाई गाउँपालिकामा हेल्थ असिस्टेन्ट पदको दरवन्दी भन्दा बढी पदपूर्ति भएको कारण स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ (४) बमोजिम अन्तर स्थानीय तह सरुवा भई जान सहमति प्रदान गर्ने ।